## अवसर इक्वीटी लिमिटेडको
## चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१ साल असोज १५ गते (१ अक्टोबर, २०२४) मा बसेको सञ्चालक समितिको ४२ औं बैठकको निर्णय अनुसार यस कम्पनीको चौथो वार्षिक साधारण सभा देहायको मिति, स्थान, र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान, र समय :**

मिति: २०८१ साल कार्त्तिक ९ गते शुक्रबार (२५ अक्टोबर २०२४)
स्थान: होटल हिमालय, ललितपुर ।
समय: दिउँसो १:३० बजे ।

**कम्पनीको चौथो साधारण सभाको छलफलको विषयसूची :**

**क) सामान्य प्रस्तावहरु**

१. आर्थिक वर्ष २०८०।०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि परित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८०।०८१ को २०८१ आषाढ मसान्तको वासलात र आर्थिक वर्ष २०८०।०८१ को मिति २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन विवरण र तत् सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुरुप कम्पनीको लेखापरिक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१।०८२ को लागि बाह्य लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्ताव**

१. कम्पनीको नियमावलीको नियम २३ संशोधन परित गर्ने ।

**ग) विविध**

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. सभामा भाग लिन ईच्छुक शेयरधनीले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका सो दिन दिउँसो १:०० बजेदेखि खुल्ला हुनेछ । हाजिरीको निमित्त शेयरधनीको नामको Alphabet अनुरुप हाजिर गर्ने व्यवस्था मिलाइने छ ।

२. सभामा प्रवेशका लागि आफ्नो परिचय खुल्ने कुनै परिचय पत्रको प्रतिलिपि अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभामा प्रवेश गर्न पाइने छैन ।

३. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले यस कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ ।

४. सभामा भाग लिनका लागि आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि हुने गरी प्रोक्सी फाराम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् मिति २०८१/०७/०७ का दिन कार्यालय समय भित्र कम्पनीको कार्यालय कुपण्डोल, ललितपुरमा दर्ता गरिसक्नु पर्नेछ । उक्त दिन सार्वजनिक दिन परेको खण्डमा पनि उल्लिखित प्रयोजनको लागि कार्यालय खुल्ला रहनेछ ।

५. सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसके पछि प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगाडि अर्थात् मिति २०८१/०७/०८ का दिन कार्यालय समय भित्र कम्पनीको कार्यालय कुपण्डोल, ललितपुरमा लिखत सूचना प्रदान गरिसक्नु पर्नेछ । उक्त दिन सार्वजनिक दिन परेको खण्डमा पनि उल्लिखित प्रयोजनको लागि कार्यालय खुल्ला रहनेछ । सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधिपत्र (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. सभामा छलफल गरिने सञ्चालक समितिको प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका साधारण सभा सम्बन्धी जानकारी, प्रोक्सी फाराम र प्रवेशपत्र शेयरधनीहरुको कम्पनीको शेयरलगतमा अभिलेख भएको ठेगानामा प्रेसित गरिनेछ । कुनै कारणवश उल्लेखित कागजातहरु प्राप्त नभएमा वा साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक भएमा यस कम्पनीको कार्यालय कुपण्डोल १, ललितपुरबाट प्राप्त गर्नु हुन सम्बन्धित शेयरधनीहरुमा अनुरोध छ ।